प्र.जि.अ.का.झापा द.नं. २६/०३२/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

जनज्योति
साप्ताहिक
Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : २७ ■ २०८३ कात्तिक १५ गते आइतबार ■ Sunday, 01 Nov. 2026 ■ मूल्य रु. ७।-

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा ■ पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना, ■ दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैयासम्म जरिवाना, ■ त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैयासम्म जरिवाना, ■ जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।
त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



इलामको पर्यटकीय स्थल श्रीअन्तुको रमणीय स्थल अन्तु पोखरी

पत्रकार धरपकडको छानबिन गर्न रास्वपाको निर्देशन

न्यायालय पुनर्संरचना संसदबाट अघि बढाइने

दमक/ सञ्चारगृहको न्युजरूममा सादा पोसाकका प्रहरी प्रवेश गरी पत्रकारमाथि धरपकड गरेको घटनाप्रति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आपत्ति जनाउँदै छानबिन र दोषीमाथि कारवाही गर्न सरकारलाई निर्देशन दिएको छ। शनिवार बसेको पार्टी सचिवालय बैठकले प्रेस स्वतन्त्रताको सुनिश्चितता गर्न र समाचार लेखेकै आधारमा पत्रकार पक्राउ गर्ने कार्य रोक्नसमेत सरकारको ध्यानाकर्षण गराएको हो।

बैठकपछि निर्णय सार्वजनिक गर्दै पार्टी प्रवक्ता जगदीश खरेलले पत्रकारलाई समाचार लेखेकै आधारमा पक्राउ गर्ने र सञ्चारगृहभित्र प्रहरी प्रवेश गरी धरपकड गर्ने कार्य गलत भएको बताए।

उनका अनुसार प्रधानमन्त्री कार्यालयले समेत घटनामा आफ्नो संलग्नता नरहेको बताइरहेका बेला सचिवालय बैठकले घटना किन, कसरी र कसको निर्देशनमा भयो भन्नेबारे निष्पक्ष छानबिन गर्न सरकारलाई निर्देशन दिएको छ। दोषी देखिने व्यक्तिमाथि कुनै सम्झौता नगरी शीघ्र कारवाही गर्न र त्यसको परिणाम देखाउन पनि पार्टीले आग्रह गरेको छ।

खरेलले रास्वपाले सोसल डेमोक्रेसीको अवधारणा आत्मसात् गर्ने उल्लेख गर्दै प्रेस स्वतन्त्रताप्रतिको प्रतिबद्धता दोहोऱ्याए । समाचार प्रकाशन वा प्रसारण गरेकै आधारमा पत्रकारलाई नियन्त्रणमा लिनु पार्टीको नीति र सिद्धान्तविपरीत रहेको उनको भनाइ छ। बैठकले न्यायालय क्षेत्रमा देखिएका विकृति, बाँकी ४ पेजमा ▸▸

"संविधान र लोकतन्त्रभन्दा माथि कोही छैन"



दमक। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले संविधान र लोकतन्त्रभन्दा माथि कोही पनि हुन नसक्ने बताएका छन्। शनिवार पार्टीको सचिवालय बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले संविधानको सर्वोच्चता र लोकतान्त्रिक व्यवस्थाप्रति पार्टी स्पष्ट रहेको बताएका हुन्। लामिछानेले संविधान र लोकतन्त्रमा आँच पुऱ्याउने गतिविधि गर्ने जोसुकै व्यक्ति भए पनि कानुनी कारबाहीको भागीदार हुनुपर्ने स्पष्ट पारे । 'संविधानभन्दा माथि र लोकतन्त्रभन्दा ठूलो केही छैन, कोही छैन । रास्वपा यसमा स्पष्ट छ, रवि लामिछाने पनि स्पष्ट छ,' उनले भने ।

डा. केसीको स्वास्थ्य कमजोर

इलाममा २५औं सत्याग्रहमा डा. केसी, स्वास्थ्य अवस्था कमजोर बन्दै

इलाम । चिकित्सा शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारको माग गर्दै इलाममा २५औं सत्याग्रहमा बसेका डा. गोविन्द केसीको स्वास्थ्य अवस्था कमजोर बन्दै गएको छ। सत्याग्रहको तेस्रो दिन शनिवारसम्म आइपुग्दा उनी शारीरिक रूपमा शिथिल भएका छन् ।

पानी मात्र पिएर अनशनमा बसेका डा. केसीले सुगरको मात्रा घटेको र बोल्नसमेत कठिन हुन थालेको बताएका छन् । उनको स्वास्थ्य परीक्षणका लागि इलाम अस्पतालको टोली पुगे पनि त्यसयता पुनः परीक्षण नभएको जनाइएको छ ।

कोशी कांग्रेसको सभापतिमा चार नेताको दाबी



उर्लाबारी । नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत कोशी प्रदेशको नेतृत्व चयनलाई लिएर राजनीतिक सरगर्मी बढेको छ। जिल्ला र प्रदेश अधिवेशनको मिति औपचारिक रूपमा तय भइनसके पनि प्रदेश सभापतिका लागि चार प्रभावशाली नेताले दाबी प्रस्तुत गरेपछि प्रतिस्पर्धा रोचक बन्ने देखिएको छ।

कोशी प्रदेश सभापतिका आकांक्षीमा मोरङ कांग्रेसका सभापति तथा पूर्वसंघीय मन्त्री डिकबहादुर लिम्बू, प्रदेश महामन्त्री उमेश थापा, सहमहामन्त्री तथा उर्लाबारी नगरपालिकाका पूर्वप्रमुख खड्ग फागो र राष्ट्रियसभाका पूर्व संसदीय दलका नेता रमेशजंग रायमाझी रहेका छन्।

अधिवेशनको तयारीसँगै आकांक्षी नेताहरू आन्तरिक भेटघाट, छलफल र कार्यकर्ता परिचालनमा सक्रिय भएका छन्। चारै नेताले संगठन सुदृढीकरण, युवा सहभागिता र आगामी निर्वाचनमा कांग्रेसलाई पहिलो शक्ति बनाउने एजेन्डा अघि सारेका छन्।

मोरङ कांग्रेसको नेतृत्व गरिरहेका डिकबहादुर लिम्बूले जिल्ला तहको अनुभवपछि प्रदेश संगठनलाई थप बलियो बनाउन सभापतिमा दावी गरेको बताएका छन्। उनले पहिचान, समावेशिता र नयाँ पुस्ताको सहभागितालाई प्राथमिकता दिने उल्लेख गर्दै पार्टीका बाँकी ४ पेजमा ▸▸

प्रमुख प्रशासकीय अधिकृत ढकालको विदाई

दमक। झापाको कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवकुमार ढकाललाई विदाइ गरिएको छ ।

पालिकाले उनको सरुवा भएसँगै 'फेरि भेटौंला' कार्यक्रमसहित विदाई गरिएको हो । ढकाललाई गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले फूल,खादा तथा दोसल्ला ओढाउनुका साथै मायाको चिनो प्रदान गरि औपचारिक रुपमा विदाई सम्मानपूर्वक विदाइ गरेका थिए । कार्यक्रममा पालिकाका विषयगत शाखा प्रमुख तथा कर्मचारीहरूले समेत फूलका गुच्छा र खादा प्रदान गरि थप कार्य सफलताको व्यक्त गरेका थिए।

उनीहरुले कमल गाउँपालिकामा बिताएका तीतामीठा अनुभवमध्ये तीतो पक्षलाई बिर्सेर यहाँका मिठा तथा फलदायी सम्झनाहरू मात्रै आफूसँग लिएर जान आग्रह गरे । त्यस क्रममा ढकालले आफ्नो लामो सरकारी सेवाको अवधिमा कमल गाउँपालिकामा बिताएको दुई वर्षभन्दा बढी समय विशेष र स्मरणीय रहेको अनुभव सुनाएका थिए ।

पाँच जिल्लामा पाँच घण्टा विद्युत् अवरुद्ध हुने

झापा । कोशी प्रदेशका पाँच जिल्लामा शनिवार र आइतबार बिहान पाँच घण्टा विद्युत आपूर्ति बन्द हुने भएको छ। नेपाल विद्युत् प्राधिकरणले सवस्टेसनका उपकरण परीक्षण तथा प्रसारण लाइनमा आवश्यक प्राविधिक काम गर्न विद्युत् कटौती गर्न लागेको हो। प्राधिकरणको कञ्चन-१३२/३३ केभी सवस्टेसन आयोजनाका अनुसार कात्तिक १४ गते शनिवार र १५ गते आइतबार बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म विद्युत् सेवा अवरुद्ध हुनेछ ।

विद्युत् कटौतीबाट झापा, इलाम, पाँचथर र ताप्लेजुङका सम्पूर्ण क्षेत्र प्रभावित हुनेछन् । त्यस्तै, मोरङको उर्लाबारी, पथरी र आसपासका क्षेत्रमा समेत विद्युत् आपूर्ति बन्द हुनेछ । दुहबी-टंक १३२ केभी प्रसारण लाइनअन्तर्गत कञ्चनस्थित टावर नम्बर ६८ र ६९ बीच तार जोड्ने तथा लुप इन-लुप आउट गर्ने कामका लागि विद्युत् कटौती गर्न लागिएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार चक्रवातको प्रभावका कारण शनिवार काम गर्न नसकिएमा आइतबार बिहान ८ बजेदेखि साँझ ४ बजेसम्म र सोमवार बिहान ८ देखि १० बजेसम्मसमेत विद्युत् आपूर्ति बन्द हुन सक्नेछ ।

ताप्लेजुङमा हवाई उडान अवरुद्ध

ताप्लेजुङ/ बंगालको खाडीमा विकसित चक्रवात 'अर्णव' का कारण हिमाली क्षेत्रको मौसम प्रतिकूल भएपछि ताप्लेजुङमा हवाई उडान प्रभावित भएको छ। मौसम प्रतिकूल भएपछि ताप्लेजुङका बिहीबार र शनिवारका दुई उडान प्रभावित भएका हुन्।

वर्षाका कारण भिजिबिलिटी कम भएसँगै सुकेटार विमानस्थलमा आउने ट्विनअटर जहाजले उडान भर्न नसको नेपाल वायु सेवा निगम, ताप्लेजुङ स्टेसनका स्टेसन इन्चार्ज नारायणकुमार कार्कीले जानकारी दिए ।

जिल्लाको उच्च भेगमा हिमपात र तल्लो क्षेत्रमा वर्षा भएपछि भिजिबिलिटी कम भएसँगै साताको दुईओटा उडान प्रभावित भएको कार्यालय जनाएको छ।

शनिवार उडान अवरुद्ध हुँदा ताप्लेजुङबाट प्रस्थान गर्ने १५ जना र काठमाडौंबाट आउने १२ जना यात्रु प्रभावित भएका छन्। हाल साताभा सोमबार, बिहीबार र शनिवार गरी तीन दिन काठमाडौं(ताप्लेजुङ(काठमाडौं उडान भइरहेको छ।

वर्षाले भोजपुरमा पाकेको धानमा क्षति



भोजपुर/ धान पाकेर भित्राउने समयमा मौसम प्रतिकूल बनेर निरन्तर वर्षा हुन थालेपछि जिल्लाका किसान चिन्तित बनेका छन् । खेतमा धान पाकेर पहँलपुर भएको अवस्थामा वर्षा र असिनाको जोखिम बढेपछि किसानलाई समयमै बाली काटेर सुरक्षित रूपमा घरमा भित्र्याउन समस्या भएको हो ।

जिल्लाका विभिन्न ग्रामीण क्षेत्रमा यतिबेला किसान धान काट्ने र थन्क्याउने तयारीमा छन् । तर, बिहीबारदेखि भइरहेको निरन्तर वर्षाले धानबालीमा क्षति पुग्न थालेपछि किसानको मेहनत खेर जाने चिन्ता बढेको छ । वर्षाका कारण खेतमा पाकेको धान ढलेको छ भने काटेर राखेको धान भिज्ने र दाना झर्ने जोखिम बढेको किसानले बताएका छन् ।

टेम्केमैयुङ गाउँपालिका-९ लेखर्कका किसान टंकप्रसाद घिमिरेले निरन्तरको वर्षाले पाकेको धान खेतमै ढल्न थालेको बताए । "खेतमा धान पहँलपुर भएर पाकेको छ । बिहीबारदेखि निरन्तर वर्षा भइरहेको छ । वर्षाका कारण पाकेको धान ढलेको छ । अझै पानी परिरहे मा धानबालीमा थप क्षति पुग्ने चिन्ता छ," उनले भने ।

धान भित्र्याउने मुख्य समयमा पानी परेपछि काट्ने, सुकाउने र घरमा थन्क्याउने काम प्रभावित भएको पड़ानन्द नगरपालिका-४ की किसान संगीता राईले बताइन् ।

मौसममा आएको प्रतिकूलताका कारण किसानलाई खेतमा पाकेको धान काट्नेदेखि काटिसकेको बाली सुरक्षित रूपमा घरसम्म पुऱ्याउन कठिनाइ भएको उनको भनाइ छ । धान भोजपुरका ग्रामीण क्षेत्रका किसानको प्रमुख खाद्य बालीमध्ये एक हो । वर्षभरि परिवारलाई खान पुग्ने अन्न उत्पादन गर्ने उद्देश्यले किसानले महिनौंसम्म बाँकी ४ पेजमा ▸▸



सम्पादकीय

एन–प्याब्सन निलम्बनको सन्देश

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन-प्याब्सन) लाई सरकारले अर्को निर्णय नभएसम्मका लागि निलम्बन गरेको छ । सरकारको यो निर्णयले निजी शिक्षा क्षेत्रसँगै संस्थागत संघ-संगठनको सञ्चालन विधि, नेतृत्वको जवाफदेहिता र कानुनी शासनमाथि बहस सिर्जना गरेको छ ।

सरकारका अनुसार एन-प्याब्सनले स्वीकृत विधानविपरीत गतिविधि गरेको, पटक(पटक दिइएका निर्देशन पालना नगरेको र संस्थालाई विधिसम्मत ढंगले सञ्चालन गर्न नसकेको कारण निलम्बनको निर्णय गरिएको हो । तर यो अवस्था एकाएक सिर्जना भएको होइन । लामो समयदेखि संस्थाभित्र देखिएको नेतृत्व विवाद, गुटबन्दी र समानान्तर गतिविधिले संगठनलाई कमजोर बनाउँदै लगेको थियो ।

साझा उद्देश्यका साथ स्थापना भएको संस्था नेतृत्वको व्यक्तिगत महत्त्वाकांक्षा र पदको प्रतिस्पर्धामा अल्झिनु विडम्बनापूर्ण हो । निजी विद्यालयका समस्या उठाउने, शैक्षिक गुणस्तर सुधारमा सहकार्य गर्ने र सरकारसँग नीतिगत संवाद गर्ने जिम्मेवारी बोकेको संगठन आफ्नै आन्तरिक विवाद व्यवस्थापन गर्न असफल हुनु नेतृत्वको कमजोरी हो । संस्था कुनै व्यक्तिको निजी सम्पत्ति होइन । यसको सञ्चालन विधान, सामूहिक निर्णय र संस्थागत मर्यादाअनुसार हुनुपर्छ ।

यद्यपि सरकारको निर्णय पनि प्रश्नमन्दा माथि हुन सक्दैन । कुनै संस्थालाई निलम्बन गर्नु गम्भीर प्रशासनिक कदम हो । त्यसैले सरकारले निलम्बनको कानुनी आधार, प्रमाण र प्रक्रियाबारे स्पष्ट जानकारी सार्वजनिक गर्नुपर्छ । सम्बन्धित पक्षलाई आफ्नो धारणा राख्ने पर्याप्त अवसर दिइयो कि दिइएन भन्ने विषय पनि महत्त्वपूर्ण छ । कानुन कार्यान्वयनका नाममा प्रशासनिक निर्णय स्वेच्छाचारी बन्नु हुँदैन ।

एन(प्याब्सन नेतृत्वले पनि सरकारी निर्णयलाई हस्तक्षेपको संज्ञा दिएर मात्र उम्कन मिल्दैन । संस्थाभित्रको विवाद समाधान गर्न नसक्नु, सदस्य विद्यालयको साझा आवाज कमजोर बनाउनु र विधानअनुसार संगठन सञ्चालन गर्न नसक्नुबारे नेतृत्वले आत्मसमीक्षा गर्नुपर्छ ।

अबको आवश्यकता आरोप-प्रत्यारोप होइन, संवाद र समाधान हो । सरकारले निलम्बनको स्पष्ट आधार र पुनः सञ्चालनको मार्गचित्र सार्वजनिक गर्नुपर्छ । एन-प्याब्सनका सम्बन्धित पक्षले व्यक्तिगत स्वार्थ त्यागेर विधानसम्मत प्रक्रियाबाट विवाद समाधान गर्नुपर्छ । आवश्यक परे निष्पक्ष मध्यस्थतामार्फत वैधानिक नेतृत्व चयनको बाटो खोलिनुपर्छ ।

अन्ततः संस्था व्यक्तिभन्दा ठूलो हुन्छ, विधान नेतृत्वभन्दा माथि हुन्छ र कानुन सबैका लागि समान हुन्छ । एन-प्याब्सनको निलम्बन एउटा संगठनको मात्र समस्या होइन, संस्थागत मर्यादा र जवाफदेहिताको परीक्षा पनि हो । यस घटनाबाट नेतृत्व र सरकारले समान रुपमा पाठ सिक्न जरूरी छ ।

प्रेरक भनाईहरु

- मन्दबुद्धीको भनिएका अल्बर्ट आइन्स्टाइन संसारकै जिनियस वैज्ञानिक बने । भने _ प्रयाश गर्ने हो भने, म चाँही कसो केही बन्न नसकुला र ?
- आफ्नो लक्ष्य निर्धारण गर्नुहोस र सधै त्यसमा कठिबद्द भएर लाग्नुहोस् ।
- डरलाई सधैभरि जित्नुहोस । म सफल बन्दिन, यो काम गर्न सक्दिन, ममा खुबि र दक्षता नै छैन, म अरूजस्तो छैन भन्ने
- भावनालाई आजैदेखी टाढा राख्नुहोस् ।
- धैर्यशिल रहनुहोस् । एक रात मै सफल हुन सकिदैन भन्ने तथ्य बुझ्नुहोस् र लगातारको मेहनतले नै सफलता देखाउने हो भन्ने कुरालाई ख्याल गर्नुहोस् ।
- धेरै सोचेर र प्लान गरेर नबस्नुहोस् । कुनै काम गर्नु छ भने त्यसलाई तरुन्तै सम्पन्न गर्नुहोस् ।
- सधै खुल्ला सोच राख्नुहोस् । जीवनमा सफलता पाउन धेरै बाटाहरू रहेको त्यो नभुल्नहोस् ।
- सफल व्यक्तिको जिवनीबाट पाइने एउटा ज्ञान भनेको स्याक्रिफाइज हो । त्यसैले केही ठूलो पाउन ससाना कुरा
- गुमाउनपर्छ भने नडराउनु होस् । त्यस्तै टिभी, इन्टरनेट, अनावश्यक घुमघाम र खराब बानीबाट टाढा बस्नुहोस् ।
- आफू सहि बाटोमा छु कि छुइन मनेर सधैभरी सचेत रहनुहोस् । यदि गलत बाटोमा हुनुहुन्छ भने जति मेहनत गरेपनि त्यसले तपाईको लक्ष्यमा केही महत्व राख्दैन ।
- लक्ष्यमा पुग्न आफूले कति बाटो हिड्न बाकी छ भन्दा पनि कति बाटो हिडिसके मनेर सधैभरी ख्याल राख्नहोस् ।
- यसले एकातर्फ आफूले गरेको मेहनत सम्झाउछ भने अर्को तर्फ लक्ष्यमा पुग्न थप उर्जा र प्रेरणा दिन्छ ।
- मानिसलाई सफलताको लागि पैसाको पनि आवश्यकता
- पर्छ । आफूसँग भएको पैसा सधै सही ठाउँमा मात्र प्रयोग गर्नुहोस् ।
- सधैभरि आफूलाई बुझ्ने र सहयोग गर्ने साथीहरूको माझमा मात्र बस्नुहोस् ।
- सफलता तपाईको भुमीका, सोच र चिन्तनमा निर्भर रहन्छ

कटुवाल प्रकरणको छायाँ, आईजीपीमाथि प्रश्न

बाबुराम क्षेत्री

सुधारको नाममा राज्यका संस्थामाथि राजनीतिक दबाब सिर्जना गर्ने, आफूअनुकूल निर्णय गराउन खोज्ने वा असहमत नेतृत्वलाई हटाउने प्रवृत्ति पनि उत्तिकै जोखिमपूर्ण छ । यो अहिलेको मात्र प्रचलन होइन गएका तीन दशकको अभ्यास पनि हो । त्यही परिपाटीको अन्त्यको लागि जेनजीहरुले आन्दोलन गर्दा ७८ जना विद्यार्थीले सहादत्त प्राप्त गरेका हुन भन्ने दृष्टान्त अहिलेको नेतृत्वले भुल्न हुँदैन ।

सरकार परिवर्तन हुँदैमा राज्यका स्थायी संस्थाहरुको चरित्र र कार्यशैली रातारात बदलिँदैन । राजनीतिक नेतृत्व फेरिए पनि कर्मचारीतन्त्र, सुरक्षा निकाय र प्रशासनिक संरचनामाथि पुरानै अभ्यास, सम्बन्ध र स्वार्थ कायम रहन सक्छन् । त्यसैले नयाँ सरकारले सुशासन, पारदर्शिता र जवाफदेहिताको अभियान अघि बढाउनु अस्वाभाविक होइन । तर सुधारको नाममा राज्यका संस्थामाथि राजनीतिक दबाब सिर्जना गर्ने, आफूअनुकूल निर्णय गराउन खोज्ने वा असहमत नेतृत्वलाई हटाउने प्रवृत्ति पनि उत्तिकै जोखिमपूर्ण छ । यो अहिलेको मात्र प्रचलन होइन गएका तीन दशकको अभ्यास पनि हो । त्यही परिपाटीको अन्त्यको लागि जेनजीहरुले आन्दोलन गर्दा ७८ जना विद्यार्थीले सहादत्त प्राप्त गरेका हुन भन्ने दृष्टान्त अहिलेको नेतृत्वले भुल्न हुँदैन । अहिले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीको राजीनामालाई लिएर उठेको बहसलाई यही पृष्ठभूमिमा हेर्न आवश्यक छ ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकार र प्रहरी प्रमुखबीच असमझदारी बढेको तथा कार्कीलाई राजीनामा दिन दबाब दिइएको दाबी पछिल्ला समाचारमा आएका छन् । ती समाचारमा प्रधानमन्त्रीको सचिवालयनिकट स्रोतलाई उद्धृत गर्दै राजीनामा नदिए पदबाट हटाउने विकल्पबारे छलफल भएको उल्लेख छ । तर सरकारका तर्फबाट औपचारिक रुपमा राजीनामा मागिएको विषय सार्वजनिक रुपमा पुष्टि भइसकेको छैन । त्यसैले अहिले नै यसलाई सरकारको निश्चित निर्णयका रुपमा व्याख्या गर्नु उचित हुँदैन । तथापि, यस्तो दाबी सार्वजनिक हुनु आफैँमा राज्यका संस्थाहरुबीचको सम्बन्ध, राजनीतिक हस्तक्षेप र प्रहरी नेतृत्वको स्वायत्तताबारे प्रश्न उठाउने विषय बनेको छ ।

यो विवादको अर्को पाटो राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद खगेन्द्र सुनारले प्रहरी नेतृत्वमाथि उठाएका आरोप र त्यससँग जवाफसँग जोडिएको छ । निर्वाचन प्रहरीका पोसाक तथा प्रहरीका लागि खरिद गरिएका सामग्रीमा अनियमितता भएको भन्दै सार्वजनिक लेखा समितिमा प्रश्न उठाइएको थियो । सांसद सुनारले प्रहरी महानिरीक्षक कार्कीमाथि गम्भीर आरोप लगाउँदै छानबिन र पदबाट हटाउने माग गरेका थिए । कार्कीले ती आरोपको प्रतिवाद गरेका थिए । सार्वजनिक खरिदमा अनियमितताको आशंका उठ्नु गम्भीर विषय हो, तर आरोप उठ्नु र आरोप प्रमाणित हुनु फरक कुरा हुन् । त्यसैले उजुरीको निष्पक्ष छानबिन, खरिद प्रक्रियाका कागजातको परीक्षण र जिम्मेवार निकायको आधिकारिक निष्कर्ष नै विवादको समाधान हुनुपर्छ ।

यस घटनामा सांसदको भूमिकामाथि पनि प्रश्न उठेका छन् । जनप्रतिनिधिले भ्रष्टाचार र अनियमितताविरुद्ध आवाज उठाउनु संसदीय जिम्मेवारी हो । सार्वजनिक पदमा रहेका व्यक्तिलाई प्रश्न गर्न नपाइने भन्ने हुँदैन । तर प्रश्न उठाउने शैली, प्रस्तुत प्रमाण र संसदीय मर्यादाको पालना पनि उतिकै महत्त्वपूर्ण हुन्छ । अर्कोतर्फ, सुरक्षा निकायको नेतृत्वमा रहेका व्यक्तिले पनि सार्वजनिक प्रश्नको जवाफ तथ्य र प्रमाणका आधारमा दिन सक्नुपर्छ । दुवै पक्षले आ“ नो पदको मर्यादा कायम राख्नु लोकतान्त्रिक अभ्यासको आधार हो ।

यस विवादको बीचमा सांसद सुनारमाथि नै सार्वजनिक भएका आरोप र विवादास्पद भनिएको अडियोसम्बन्धी प्रकरणले बहसलाई थप जटिल बनाएको छ । केही सञ्चारमाध्यमका विवरणअनुसार सुनारले उक्त अडियो आ“ नो नभएको र आफूलाई बदनाम गर्न प्रविधि वा कृत्रिम बुद्धिमत्ताको प्रयोग गरी बनाइएको दाबी गरेका छन् । यस विषयमा स्पष्टीकरण मागिएको समाचारसमेत सार्वजनिक भएको छ । तर अडियोको वास्तविकता, त्यसको स्रोत र त्यसमा सुनारको संलग्नताबारे आधिकारिक अनुसन्धानको निष्कर्ष नआएसम्म कुनै पनि दाबीलाई प्रमाणित तथ्यका रुपमा प्रस्तुत गर्नु हुँदैन । प्रहरी प्रमुखमाथि लागेका आरोपमा छानबिन आवश्यक भएकैं सांसद सुनारमाथि उठेका प्रश्नको पनि निष्पक्ष परीक्षण हुनुपर्छ । एउटै मापदण्ड सबैलाई लागू हुनु नै विधिको शासन हो ।

यहाँनेर २०६६ सालको प्रधानसेनापति रुक्माङ्गद कटुवाल प्रकरण स्मरण गर्नु सान्दर्भिक हुन्छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले प्रधानसेनापति कटुवाललाई पदबाट हटाउने निर्णय गरेपछि तत्कालीन राष्ट्रपति रामवरण यादवले सरकारको निर्णय संविधानसम्मत नभएको ठहर गर्दै उनलाई पदमा निरन्तरता दिन पत्राचार गरेका थिए । त्यस घटनाले सरकार, राष्ट्रपति र नेपाली सेनाबीच गम्भीर संवैधानिक तथा राजनीतिक विवाद निम्त्याएको र अन्ततः प्रधानमन्त्री दाहालले राजीनामा दिए । त्यसबेला सेनामा नयाँ भर्ना, अवकाशसम्बन्धी निर्णय र सरकारका निर्देशनको पालना जस्ता विषय विवादको केन्द्रमा थिए । कटुवाल प्रकरण नेपालको राजनीतिक इतिहासमा नागरिक सरकारको अधिकार, सुरक्षा निकायको संस्थागत भूमिका र संवैधानिक सीमाबारे महत्त्वपूर्ण उदाहरणका रुपमा रहँदै आएको छ ।

तर अहिलेको प्रहरी नेतृत्वसम्बन्धी विवादलाई कटुवाल प्रकरणकै पुनरावृत्ति भनेर निष्कर्ष निकाल्न हतार गर्नु हुँदैन । नेपाली सेना र नेपाल प्रहरीको कानुनी संरचना, नेतृत्व नियुक्ति तथा पदमुक्तिको व्यवस्था फरक छन् । प्रधानसेनापतिसम्बन्धी तत्कालीन विवादको संवैधानिक पृष्ठभूमि र अहिले प्रहरी महानिरीक्षकबारे उठेको विषयलाई एउटै तराजुमा राख्न मिल्दैन । तथापि, दुवै घटनाले एउटा साझा प्रश्न उठाउँछन्(सरकारले आ“ नो अधिकार प्रयोग गर्दा संस्थागत मर्यादा र कानुनी प्रक्रियालाई कति महत्त्व दिन्छरु राजनीतिक नेतृत्वलाई निर्णय गर्ने अधिकार हुन्छ, तर त्यो अधिकार मनोमानी गर्ने छुट होइन ।

नेपाल प्रहरीका महानिरीक्षक राजनीतिक दलका प्रतिनिधि होइनन्स उनी व्यावसायिक सुरक्षा संगठनका प्रमुख हुन् । उनको नियुक्ति मन्त्रिपरिषद्को निर्णयबाट हुने भए पनि त्यसपछि पदमा रहँदा उनले कानुन, संगठनको हित र सार्वजनिक सुरक्षालाई प्राथमिकता दिनुपर्छ । सरकारले गरेका सबै निर्णयको कार्यान्वयन कानुन र प्रचलित प्रक्रियाको सीमाभित्र हुनुपर्छ । कुनै निर्णय कानुनसम्मत छ कि छैन भन्ने प्रश्न उठेमा त्यसको निरुपण पनि स्थापित विधिबाट हुनुपर्छ । अर्कोतर्फ, व्यावसायिक स्वतन्त्रताको नाममा प्रहरी नेतृत्वले अनियमितता, आदेश उल्लङ्घन वा गैरजिम्मेवार व्यवहारबाट उन्मुक्ति पाउन सक्दैन । संस्थागत स्वायत्तता र जवाफदेहिता एकअर्काका विरोधी होइनन्स दुवै सँगसँगै अघि बढ्नुपर्छ ।

प्रहरी संगठनप्रतिको जनविश्वासमा पछिल्ला वर्षमा गम्भीर प्रश्न उठेका छन् । जेन(जी आन्दोलनका क्रममा प्रहरी कार्यालय तथा अन्य सार्वजनिक संरचनामा भएका आक्रमण, प्रहरीको व्यवहारबारे उठेका गुनासा र भ्रष्टाचारसम्बन्धी आरोपले सुरक्षा निकाय सुधारको आवश्यकता देखाएका छन् । तर जनआक्रोशलाई सम्बोधन गर्ने उपाय कुनै एक पदाधिकारीलाई हटाउनु मात्र होइन । प्रहरीको आचरण, अनुसन्धान प्रक्रिया, खरिद प्रणाली, आन्तरिक निगरानी र नागरिकसँगको व्यवहारमा सुधार आवश्यक छ । दोषी भेटिए कानुनअनुसार कारवाही हुनुपर्छस आरोप प्रमाणित नभए पदाधिकारीलाई केवल राजनीतिक असन्तुष्टिका आधारमा दण्डित गरिनु हुँदैन ।

सरकारले पुरानो सत्ताको आडमा बनेका भनिएका प्रशासनिक सञ्जाल र स्वार्थ समूहको प्रभाव अन्त्य गर्न चाहन्छ भने त्यसका लागि स्पष्ट मापदण्ड, पारदर्शी प्रक्रिया र प्रमाणमा आधारित कारवाही आवश्यक हुन्छ । कर्मचारी वा सुरक्षा अधिकारीको राजनीतिक निकटता मात्र कारवाहीको आधार बन्नु हुँदैन । त्यसैगरी, लामो समयदेखि पदमा रहेको वा शक्तिशाली सम्बन्ध बनाएको व्यक्तिले पनि अनुसन्धानबाट छुट पाउनु हुँदैन । सुशासनको अर्थ आफूलाई मन नपरेको व्यक्तिलाई हटाउनु हेइनस सबैलाई एउटै कानुनी मापदण्डमित्र ल्याउनु हो ।

अहिलेको विवादमा सरकार, प्रहरी नेतृत्व र सांसद-तीनै पक्षले संयम देखाउनुपर्ने अवस्था छ । सरकारका तर्फबाट राजीनामा मागिएको हो वा होइन, त्यसको आधार के हो र सम्भावित कदमको कानुनी व्यवस्था के छ भन्ने कुरा स्पष्ट हुनुपर्छ । प्रहरी नेतृत्वले आफूविरुद्ध उठेका आरोपको तथ्यसहित जवाफ दिनुपर्छ । सांसद सुनारले पनि आफूले सार्वजनिक गरेका दाबीलाई प्रमाण र संसदीय मर्यादाको आधारमा अघि बढाउनुपर्छस उनीमाथि लागेका आरोपको निष्पक्ष परीक्षणमा पनि सहयोग गर्नुपर्छ । कुनै व्यक्तिको पद, राजनीतिक हैसियत वा सार्वजनिक प्रभावका आधारमा अनुसन्धानको मापदण्ड फरक हुनु हुँदैन ।

नयाँ सरकारले राज्यका पुराना संरचनामा सुधार ल्याउने अवसर पाएको छ । त्यो अवसरलाई राजनीतिक शक्ति प्रदर्शनमा सीमित गरियो भने सुधारको अभियानमाथि नै प्रश्न उठ्नेछ । आईजीपी दानबहादुर कार्कीलाई पदमा राख्ने वा हटाउने विषय व्यक्तिको पक्ष वा विपक्षमा उभिएर टुङ्ग्याउने विषय होइनस कानुनी आधार, प्रमाण र संस्थागत हितका आधारमा निर्णय हुनुपर्ने विषय हो । कटुवाल प्रकरणबाट सिक्नुपर्ने मुख्य पाठ पनि यही हो(राज्यका संस्थालाई राजनीतिक द्वन्द्वको मैदान बनाउँदा त्यसको असर एउटा पदाधिकारीमा मात्र सीमित रहँदैन, शासन प्रणाली र जनविश्वाससम्म पुग्छ । लोकतन्त्रमा सरकार शक्तिशाली हुन सक्छ, तर त्यो शक्ति विधिको शासनभन्दा माथि हुँदैन ।

सार्वजनिक ऋण ३० खर्ब नाघ्यो

दमक/ मुलकको सार्वजनिक ऋण दायित्व ३० खर्ब रूपैयाँ नाघेको छ । चालु आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्मा सरकारको कुल सार्वजनिक ऋण दायित्व ३० खर्ब ९ अर्ब ११ करोड ६६ लाख रूपैयाँ पुगेको हो। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको असोज मसान्तसम्मको प्रतिवेदनअनुसार कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋण ४५५९ प्रतिशत पुगेको छ ।

आर्थिक वर्ष २०८३/८४ को शुरुवातमा सरकारको कुल सार्वजनिक ऋण २९ खर्ब ८१ अर्ब ७० करोड २८ लाख रूपैयाँ थियो। तीन महिनाको अवधिमा सरकारले १ खर्ब २३ अर्ब ३२ करोड ५८ लाख रूपैयाँ ऋण परिचालन गरेको छ । यस अवधिमा विनिमय दरमा भएको परिवर्तनबाट १८ अर्ब १६ करोड ४२ लाख रूपैयाँ बराबरको नाफासमेत देखिएको छ। तर सोही अवधिमा ७७ अर्ब ७४ करोड ७८ लाख रूपैयाँ बराबरको सौंवा भुक्तानी भएको छ ।

कुल सार्वजनिक ऋणमध्ये बाह्य ऋणको हिस्सा ५३.१३ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४६.८७ प्रतिशत छ। रकमका आधारमा बाह्य ऋण १५ खर्ब ९८ अर्ब ८० करोड ५७ लाख रूपैयाँ र आन्तरिक ऋण १४ खर्ब १० अर्ब ३१ करोड ९ लाख रूपैयाँ पुगेको छ ।

बाह्य ऋण विदेशी मुलुक तथा विकास साझेदारबाट लिइने ऋण हो भने आन्तरिक ऋण सरकारले मुलुकभित्रैबाट उठाउने ऋण हो। सरकारले विकास निर्माण, सार्वजनिक खर्च व्यवस्थापन तथा बजेटमा स्रोत जुटाउन दुवै प्रकारका ऋण परिचालन गर्दै आएको छ ।

सरकारले चालु आर्थिक वर्षमा कुल ६ खर्ब ५८ अर्ब २८ करोड ७ लाख रूपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ । तर असोज मसान्तसम्मा १ खर्ब २३ अर्ब ३२ करोड ५८ लाख रूपैयाँ ऋण प्राप्त भएको छ। यो वार्षिक लक्ष्यको १८.७३ प्रतिशत हो ।

ऋण परिचालनको प्रगतिमा आन्तरिक ऋण अगाडि देखिएको छ। असोज मसान्तसम्म आन्तरिक ऋणतर्फ १ खर्ब रूपैयाँ परिचालन भएको छ। यो वार्षिक लक्ष्यको २४.३९ प्रतिशत हो। सरकारले चालु आर्थिक वर्षमा आन्तरिक ऋणबाट ४ खर्ब १० अर्ब रूपैयाँ जुटाउने लक्ष्य राखेको छ ।

त्यस्तै, बाह्य ऋणतर्फ २ खर्ब ४८ अर्ब २८ करोड ७ लाख रूपैयाँ परिचालन गर्ने लक्ष्य रहेकामा असोज मसान्तसम्म २३ अर्ब ३२ करोड ५८ लाख रूपैयाँ मात्रै प्राप्त भएको छ। यो वार्षिक लक्ष्यको ९.३९ प्रतिशत हो । तीन महिनामा प्राप्त कुल ऋणमध्ये आन्तरिक ऋणको हिस्सा ८१.०९ प्रतिशत र बाह्य ऋणको हिस्सा १८.९१ प्रतिशत रहेको छ । यसअनुसार सरकारले चालु आर्थिक वर्षको सुरुवाती तीन महिनामा बाह्य स्रोतको तुलनामा आन्तरिक स्रोतबाट बढी ऋण उठाएको देखिएको छ ।

वार्षिक लक्ष्य पूरा गर्न सरकारले अझै ५ खर्ब ३४ अर्ब ९५ करोड ४९ लाख रूपैयाँ ऋण परिचालन गर्नुपर्नेछ । यसमध्ये आन्तरिक ऋणतर्फ ३ खर्ब १० अर्ब रूपैयाँ र बाह्य ऋणतर्फ २ खर्ब २४ अर्ब ९५ करोड ४९ लाख रूपैयाँ परिचालन गर्न बाँकी छ ।

ऋणको सौंवा(ब्याज निर्ग ९८ अर्ब ८७ करोड खर्च

सरकारले चालु आर्थिक वर्षको पहिलो तीन महिनामा सार्वजनिक ऋणको सौंवा तथा ब्याज भुक्तानीमा ९८ अर्ब ८७ करोड ३५ लाख रूपैयाँ खर्च गरेको छ । यो वार्षिक बजेट विनियोजनको २३.६६ प्रतिशत हो । चालु आर्थिक वर्षमा सरकारले सार्वजनिक ऋणको सौंवा र ब्याज भुक्तानीका लागि ४ खर्ब १७ अर्ब ८८ करोड ७० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ। असोज मसान्तसम्मको भुक्तानीपछि पनि ३ खर्ब ९९ अर्ब १ करोड ३५ लाख रूपैयाँ बजेट खर्च हुन बाँकी छ ।

कुल ऋण सेवा खर्चमध्ये आन्तरिक ऋणको भुक्तानीमा ८२ अर्ब ७३ करोड ८० लाख रूपैयाँ खर्च भएको छ । यो आन्तरिक ऋण भुक्तानीका लागि विनियोजित वार्षिक बजेटको २५.२१ प्रतिशत हो । आन्तरिक ऋणको सौंवा भुक्तानीमा ६५ अर्ब १० करोड ५० लाख रूपैयाँ र ब्याज भुक्तानीमा १७ अर्ब ६३ करोड ३० लाख रूपैयाँ खर्च भएको छ ।

त्यस्तै, बाह्य ऋणको सौंवा तथा ब्याज भुक्तानीमा १६ अर्ब ९३ करोड ५५ लाख रूपैयाँ खर्च भएको छ । यो बाह्य ऋण भुक्तानीका लागि विनियोजित वार्षिक बजेटको १७.९८ प्रतिशत हो । यसमध्ये सौंवा भुक्तानीमा १२ अर्ब ६४ करोड २८ लाख रूपैयाँ र ब्याज भुक्तानीमा ३ अर्ब ४९ करोड २७ लाख रूपैयाँ खर्च भएको छ ।

असोज मसान्तसम्म सरकारले ७७ अर्ब ७४ करोड ७८ लाख रूपैयाँ सौंवा र २९ अर्ब १२ करोड ५७ लाख रूपैयाँ ब्याज भुक्तानी गरेको छ । कुल गार्हस्थ्य उत्पादनको आधारमा सार्वजनिक ऋण सेवा खर्च १५० प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

भर्दामा सबैभन्दा बढ्दो आन्तरिक ऋणको भुक्तानी

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको मासिक विवरणअनुसार सरकारले साउन, भदौ र असोज गरी तीन महिनामा आन्तरिक ऋण भुक्तानीमा ८२ अर्ब ७३ करोड ८० लाख रूपैयाँ खर्च गरेको छ । यसमध्ये साउनमा २२ अर्ब ३४ करोड २ लाख, भदौमा ५४ अर्ब ४५ करोड ८८ लाख र असोजमा ५ अर्ब ९३ करोड ९० लाख रूपैयाँ भुक्तानी भएको छ। आन्तरिक ऋणको सौंवा भुक्तानी साउनमा १७ अर्ब, भदौमा ४६ अर्ब ५४ करोड ५० लाख र असोजमा १ अर्ब ५६ करोड रूपैयाँ रहेको छ। ब्याज भुक्तानी भने साउनमा ५ अर्ब ३४ करोड २ लाख, भदौमा ७ अर्ब ९१ करोड ३८ लाख र असोजमा ४ अर्ब ३७ करोड ९० लाख रूपैयाँ भएको छ ।

बाह्य ऋण भुक्तानीतर्फ भने तीन महिनामा क्रमशः २ अर्ब ६५ करोड ५९ लाख, ५ अर्ब ५५ करोड ५७ लाख र ७ अर्ब ९२ करोड ३९ लाख रूपैयाँ खर्च भएको छ। बाह्य ऋणको भुक्तानी असोजमा सबैभन्दा बढी भएको देखिन्छ ।

असोजमा सबैभन्दा बढ्दो ऋण परिचालन

चालु आर्थिक वर्षको पहिलो तीन महिनामा सरकारले ऋण परिचालनको मात्रा पनि बढाउँदै लगेको देखिन्छ । साउनमा २३ अर्ब ८४ करोड २७ लाख रूपैयाँ ऋण प्राप्त भएकोमा भदौमा ३८ अर्ब १० करोड ५१ लाख र असोजमा ६१ अर्ब ३७ करोड ८० लाख रूपैयाँ ऋण प्राप्त भएको छ ।

यस अवधिमा आन्तरिक ऋण परिचालन साउनमा २० अर्ब, भदौमा ३० अर्ब र असोजमा ५० अर्ब रूपैयाँ रहेको छ । त्यस्तै, बाह्य ऋण साउनमा ३ अर्ब ८४ करोड २७ लाख, भदौमा ८ अर्ब १० करोड ५१ लाख र असोजमा ११ अर्ब ३७ करोड ८० लाख रूपैयाँ प्राप्त भएको छ ।

यसले पहिलो तीन महिनामा ऋण परिचालनको ठूलो हिस्सा असोजमा केन्द्रित भएको देखाएको छ । विशेषगरी आन्तरिक ऋण परिचालनमा असोज महिनाको हिस्सा बढी छ ।

हात्तीबाट जोगाउन सशस्त्र प्रहरीको जनचेतना अभियान



झापा । चाडपर्वका बेला जंगली हात्तीवाट हुनसक्ने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण झापाले हात्ती प्रभावित क्षेत्रमा सचेतनामूलक अभियान सञ्चालन गर्नुका साथै सुरक्षा सतर्कता बढाएको छ । सर्वसाधारण नागरिक दसैँलगायत चाडपर्वको उल्लासमा व्यस्त रहेका बेला हुनसक्ने मानवीय र भौतिक क्षतिलाई मध्यनजर गर्दै सशस्त्र प्रहरी बलले हात्ती प्रभावित क्षेत्रमा निगरानी र निरन्तर गस्ती बढाएको हो ।

चाडपर्वको समयमा मानिसहरूको चहलपहल बढ्ने र विहान बेलुका झिसमिसे तथा रातको समयमा जंगली हात्तीसँग जम्काभेट हुनसक्ने जोखिमलाई ध्यानमा राख्दै सशस्त्र प्रहरीले गाउँ गाउँमा पुगेर माईकिङमार्फत नागरिकलाई सचेत गराइरहेको छ । टोलीले अत्यावश्यक कामबाहेक अँध्यारो समयमा घरबाहिर ननिस्कन र सम्भावित जोखिमबाट बच्न आवश्यक सावधानी अपनाउन आग्रह गरेको छ ।

पाकेको धानबाली जोगाउने चिन्तासँगै जंगली हात्तीको जोखिम सामना गरिरहेका झापावासीलाई हात्तीसँग जम्काभेट भएमा नआत्तिन, हात्तीलाई जिस्क्याउने वा लखेट्ने प्रयास नगर्न तथा सुरक्षित स्थानतर्फ जान सशस्त्र प्रहरीले अनुरोध गरेको छ । साथै गाउँमा रहेका बालबालिका, वृद्धवृद्धा तथा गर्भवती महिलाको विशेष ख्याल गर्न र उनीहरूलाई घरबाहिर एक्लै हिँडडुल गर्न नदिनसमेत आग्रह गरिएको छ ।

हात्तीको आवतजावत र सम्भावित जोखिम बढ्न सक्ने अवस्थालाई मध्यनजर गर्दै प्रभावित क्षेत्रमा मोवाइल तथा पैदल गस्ती टोली परिचालन गरी निरन्तर निगरानी भइरहेको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण झापाका गणपति एसपी सचिन कर्मचार्यका अनुसार हात्तीवाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्न सुरक्षा निगरानीसँगै स्थानीय वासिन्दालाई सचेत गराउने कार्यलाई निरन्तरता दिइएको छ । सशस्त्र प्रहरीले आफ्नो घर, गोठ तथा आँगन 'चयगलम हात्तीले मन पराउने खालका खानेकुरा नराख्न वा त्यस्ता बोटविरुवाहरू सकेसम्म नरोप्न, रातको समयमा घर आसपास उज्यालोको व्यवस्था गर्न तथा वाक्लो झाडी सफा राख्नसमेत अनुरोध गरेको छ ।

हात्ती प्रभावित क्षेत्रमा जोखिम न्यूनीकरण गर्न सशस्त्र प्रहरीले उपलब्ध स्रोतसाधन परिचालन गर्दै स्थानीय प्रशासन, सम्बन्धित निकाय तथा सर्वसाधारणसँग समन्वय र सहकार्य गरी हात्तीको निगरानी, सूचना आदानप्रदान र जनचेतनामूलक गतिविधिलाई प्रभावकारी बनाइरहेको बताएको छ ।

सशस्त्र प्रहरीले हात्ती गाउँमा प्रवेश गरेको देखेमा वा कुनै समस्या परेमा तत्काल सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हेडक्वार्टर झापाको सम्पर्क नम्बर ९८५१२७२१२५ मा जानकारी गराउन समेत सर्वसाधारणलाई आग्रह गरेको छ ।



साप्ताहिक घटना

१. भोटेकोशी बाढीबाट ७६ अर्बभन्दा बढी क्षति

भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट घरपरिवार तथा व्यवसायमा ७९ अर्ब रुपैयाँभन्दा बढी क्षति भएको विवरण सार्वजनिक भएको छ । क्षतिको पूर्ण विवरण संकलन र पुनःस्थापनाको काम चुनौतीपूर्ण बनेको छ । संसदीय समितिले बाढीबाट भएको क्षतिको विस्तृत विवरण सरकारसँग माग गरेको छ ।

२. डा. गोविन्द केसीको २५औं सत्याग्रह सुरु

चिकित्सा शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारको माग गर्दै डा. गोविन्द केसीले इलाममा २५औं सत्याग्रह सुरु गरेका छन् । गेटामा मापदण्डविपरीत शैक्षिक कार्यक्रम सञ्चालन, मेडिकल कलेजमा सिट वृद्धि, छात्रवृत्ति, सरकारी मेडिकल कलेज विस्तार तथा स्वास्थ्य क्षेत्रका सहमति कार्यान्वयन उनका प्रमुख माग छन् ।

३. समाचार कक्षबाटै पत्रकार पक्राउ, चौतर्फी विरोध

सादा पोसाकका प्रहरी सञ्चारगृहको न्युजरूममा प्रवेश गरी पत्रकारलाई नियन्त्रणमा लिएको घटनाले प्रेस स्वतन्त्रतामाथि बहस सिर्जना गरेको छ । प्रधानमन्त्रीको निर्देशनपछि पक्राउ परेका पत्रकार रिहा भएका छन् । नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल तथा सञ्चार क्षेत्रले घटनाको विरोध गर्दै दोषीमाथि कारवाही र प्रेस स्वतन्त्रताको सुनिश्चितता माग गरेका छन् ।

४. रास्वपाद्वारा पत्रकार धरपकडको छानबिन माग

राष्ट्रिय स्वतन्त्र पार्टीको सचिवालय बैठकले सञ्चारकर्मीमाथि भएको धरपकडको निष्पक्ष छानविन गरी दोषीलाई कारवाही गर्न सरकारलाई निर्देशन दिएको छ । पार्टीले प्रेस स्वतन्त्रता सुनिश्चित गर्न पनि माग गरेको छ । बैठकले न्यायालयमा देखिएका विकृति समाधानका लागि संसदीय प्रक्रियाबाट पुनर्संरचनाको विषय अघि बढाउने निर्णयसमेत गरेको छ ।

५. सार्वजनिक ऋण ३० खर्ब रूपैयाँ नाघ्यो

नेपालको सार्वजनिक ऋण ३० खर्ब रुपैयाँभन्दा माथि पुगेको समाचार सार्वजनिक भएको छ । बढ्दो सार्वजनिक ऋणसँगै सरकारले लिएको ऋणको प्रभावकारी उपयोग, विकास आयोजनाको प्रगति र ऋण भुक्तानी क्षमताबारे बहस बढेको छ । सार्वजनिक खर्चको पारदर्शिता र उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता यसले देखाएको छ ।

६. चक्रवात अर्नबको प्रभावले मौसममा परिवर्तन

बंगालको खाडीमा विकसित चक्रवात अर्नबको प्रभाव नेपालमा समेत पर्ने मौसम पूर्वानुमान गरिएको छ । विभिन्न क्षेत्रमा वर्षा र हिमाली भेगमा हिमपातको सम्भावना देखिएपछि प्रशासनले सतर्कता अपनाउन आग्रह गरेको छ । धान नकाट्न, पदयात्रा र राविकालीन यात्रामा सावधानी अपनाउन सम्बन्धित निकायले अनुरोध गरेका छन् ।

७. गेटा मेडिकल शिक्षाका पुराना सहमति कार्यान्वयन गर्ने निर्णय

चिकित्सा शिक्षा क्षेत्रमा विगतमा भएका सहमति पुनरावलोकन गरी कार्यान्वयन गर्ने सरकारी निर्णय सार्वजनिक भएको छ । चिकित्सा शिक्षा सुधार, स्वास्थ्य संस्थाको गुणस्तर, पूर्वाधार र जनशक्ति व्यवस्थापनलाई प्राथमिकतामा राख्ने विषयले महत्व पाएको छ । डा. गोविन्द केसीको सत्याग्रहसँगै चिकित्सा शिक्षा सुधारको मुद्दा पुनः चर्चामा आएको छ ।

८. प्रधानमन्त्री र रास्वपा सभापतिबीच चार घण्टा छलफल

प्रधानमन्त्री बालेन्द्र शाह र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेबीच करिब चार घण्टा छलफल भएको समाचार सार्वजनिक भएको छ । छलफलका कारण मन्त्रिपरिषद् बैठकसमेत सारिएको जनाइएको छ । भेटमा उठेका विषयबारे विस्तृत विवरण सार्वजनिक नभए पनि राजनीतिक वृत्तमा भेटवार्तालाई चासोका साथ हेरिएको छ ।

९. गौतमबुद्ध क्रिकेट रंगशालाको निर्माण ६५ प्रतिशतमा सीमित

चितवनमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम ६५ प्रतिशतमा सीमित रहेको समाचार सार्वजनिक भएको छ । निर्माण लागतसमेत बढेको बताइएको छ । राष्ट्रिय महत्वको खेल पूर्वाधार आयोजना समयमै सम्पन्न नहुँदा यसको व्यवस्थापन, बजेट र निर्माण प्रक्रियाबारे चासो बढेको छ ।

१०. दुग्ध विकास संस्थानका पूर्वमहाप्रबन्धकसहित आठ पक्राउ

दुग्ध विकास संस्थानलाई १२ करोड रुपैयाँभन्दा बढी आर्थिक हानि पुऱ्याएको आरोपमा तत्कालीन महाप्रबन्धकसहित आठ जनालाई पक्राउ गरिएको समाचार सार्वजनिक भएको छ । संस्थानको आर्थिक कारोबार र निर्णय प्रक्रियासम्बन्धी अनुसन्धान अघि बढाइएको छ । घटनाले सार्वजनिक संस्थानको वित्तीय पारदर्शिता र जिम्मेवारीबारे पुनः प्रश्न उठाएको छ ।

११. निर्वाचन आयोगद्वारा मतदाता नामावलीबाट दुई लाखभन्दा बढी नाम हटाइयो

निर्वाचन आयोगले मतदाता नामावली अद्यावधिक गर्ने क्रममा दुई लाखभन्दा बढी नाम हटाएको समाचार सार्वजनिक भएको छ । मतदाता नामावलीलाई व्यवस्थित र त्रुटिरहित बनाउने उद्देश्यले विवरण अद्यावधिक गरिएको हो । आगामी निर्वाचनलाई लक्षित गर्दै आयोगले नामावली व्यवस्थापन र मतदान प्रक्रियालाई सहज बनाउने तयारी अघि बढाएको छ ।

१२. कोशी प्रदेश लोकसेवा आयोगका अध्यक्षको राजीनामा स्वीकृत

कोशी प्रदेश लोकसेवा आयोगका अध्यक्षले दिएको राजीनामा स्वीकृत भएको छ । प्रदेशमा सार्वजनिक पदाधिकारीको जिम्मेवारी परिवर्तनसँगै आयोगको आगामी कार्यसम्पादन र नयाँ नेतृत्व व्यवस्थापनबारे चासो बढेको छ । प्रदेश सरकारको प्रशासनिक संरचनामा महत्वपूर्ण भूमिका राख्ने आयोगको नेतृत्व परिवर्तनलाई राजनीतिक तथा प्रशासनिक वृत्तमा महत्वका साथ हेरिएको छ ।

१३. मोरङको केरौन १३२ केभी सबस्टेसन निर्माण सम्पन्न

मोरङको केरौनमा १३२ केभी क्षमताको सबस्टेसन निर्माण सम्पन्न भएको छ । सबस्टेसन सञ्चालनमा आएपछि मोरङसहित आसपासका क्षेत्रमा विद्युत् आपूर्ति व्यवस्थापन सहज हुने अपेक्षा गरिएको छ । औद्योगिक तथा घरेलु विद्युत् माग व्यवस्थापनमा समेत यसले सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

१७. झापामा तीन दिन सतर्कता अपनाउन प्रशासनको आग्रह

चक्रवात अर्नबको सम्भावित प्रभावलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालय झापाले तीन दिन सतर्कता अपनाउन आग्रह गरेको छ । सम्भावित वर्षा, हावाहुरी तथा अन्य मौसमी जोखिमबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न सर्वसाधारणलाई सचेत रहन अनुरोध गरिएको हो । किसान, यात्रु र नदी आसपासका वासिन्दालाई विशेष सावधानी अपनाउन भनिएको छ ।

विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

फ्रेंज काफ्का



◆ सुमित्रा सिंह

चेकोस्लोभाकिया : सुप्रसिद्ध जर्मन लेखक
जन्म सन् १८८३ मृत्यु सन् १९२४

काफ्काकालाई जर्मन भाषाका आधुनिक लेखकहरु गध्ये सबैभन्दा आकर्षक साहित्यकार मानिन्छ । काफ्का एक यस्ता लेखक थिए, जसले आफनो जीवनकालमा केही कथाहरु मात्र प्रकाशित गर्नसके, तर मृत्युपछि उनका मित्र माक्सले उनका रचनाहरूलाई सम्पादन गरेर छपाए । काफ्काको जीवन पीडा र एक्लोपनाको प्रतीक थियो। उनमा आत्रोश पनि भल्किन्थ्यो। यसको प्रभाव उनको साहित्यमाथि स्पष्ट देख्न सकिन्छ । काफ्काको साहित्यलाई 'भयंकर यातनाको सुख भनिन्छ । उनले साना-साना टुक्राहरुमा पूर्णतालाई खोज्ने प्रयास गरेका थिए । उनका विख्यात रचनाहरु हुन् जजमेन्ट, स्टोकर, मेटामारफसिस, पेनल कलोनी, कन्ट्री डाक्टर, 'हगर आर्टिस्ट', 'द ट्रायला, द कसल, मेडिटेशन आदि। काफ्काका तीन प्रमुख साहित्यिक उपन्यासहरूलाई विश्वभरिमा प्रसारित गर्ने श्रेय उनका मित्र माक्स ब्राण्डलाई छ ।

काफ्काको जन्म ३ जुलाई, १८८३ मा प्राग (चेकोस्लोभाकिया) को एक सामान्य यहूदी परिवारमा भएको थियो। प्रारम्भमा उनी जर्मन भाषाको अध्ययन गर्ने इच्छा राख्दथे, तर प्राग विश्वविद्यालयमा प्रवेशको समयसम्ममा उनी साहित्यतर्फ झुकिसकेका थिए । १९०६ मा उनी डक्टरेट गर्नमा सफल रहे र १९०८ मा एक बीमा कम्पनीमा नोकरी गर्न थाले ।

काफ्का अविवाहित थिए, तर हैसी, फेलिस एवं डोरा आदि महिलाहरुसँग उनको प्रेम-प्रसंग चर्चित रहेको छ। उनको मृत्यु अत्यन्तै दर्दनाक थियो । ४० वर्षको उमेरमा ३ जूनको दिन उनलाई संसारका सबै कष्टहरुबाट सधैको लागि छुटकारा मिल्यो ।

काफ्का एक यहूदी लेखक थिए। तर आफ्नो मानसिक यन्त्रणाले उनलाई धेरै चल्न दिएन । यहूदी भएको कारणले उनले निकै उपेक्षा र कष्ट भेल्नु पन्यो, फेरि पनि उनको साहित्यले जीवनको अत्यन्त वास्तविक स्वरूपलाई उजागर गर्दछ । उनका केही रचनाहरु तालमूदका नीतिकथाहरु जस्ता लाग्दछन्, तिनमा मानव-जीवनको निरर्थकता झल्किन्छ ।

स्वास्थ्य

जाडोमा किन लाग्छ बारम्बार भोक ?

दमक/ जाडो मौसममा धेरैजसो मानिसको तौल बढ्ने गर्छ । यसको कारण जाडोले गर्दा शारीरिक गतिविधि घटुन मात्र होइन, बढी खाने बानी पनि हो, जुन चिसोको समयमा निकै सामान्य बन्छ । यो मौसममा धेरैलाई छिनछिनमै भोक लाग्छ अनि तात्तातो पराठा, पकौडा, हलुवा, सुप र मिठाई खान मन पर्छ । कतिपय अवस्थामा पेटभरि खाएपछि पनि केही न केही खाइरहने इच्छा भइरहन्छ । तर के तपाईंले कहिल्यै सोच्नुभएको छ, जाडोमा आखिर यस्तो किन हुन्छ ?

डाइटिसियनका अनुसार यसका पछाडि शरीरको तापक्रम, हर्मोन, निद्रा, मनस्थिति र शारीरिक सक्रियता जस्ता अनेकौं कारण हुन सक्छन् । चिसोमा शरीरलाई आं नो तापक्रम सन्तुलनमा राख्न ऊर्जा आवश्यक पर्छ, तर यसको अर्थ हरेक व्यक्तिले धेरै क्यालोरी खानैपर्छ भन्ने चाहिँ होइन ।

जाडोमा बढी भोक लाग्नुका ५ कारण

१. शरीरको भित्री तापक्रम नियन्त्रणः

चिसो मौसममा शरीरले आफ्नो भित्री तापक्रम सामान्य राख्ने प्रयास गर्छ । यसका लागि ऊर्जा खर्च हुन्छ । यद्यपि, तपाईं न्यानो लुगा लगाउनुहुन्छ र अधिकांश समय घरभित्रै बस्नुहुन्छ भने तपाईंलाई धेरै अतिरिक्त क्यालोरीको आवश्यकता पर्दैन। त्यसैले जाडो लागेकै भरमा धेरै खानु आवश्यक छैन ।

२. हर्मोनको उतारचढाव र घामको कमीः

'घ्रेलिन' हर्मोनले मस्तिष्कलाई भोक लागेको संकेत दिन्छ भने 'लेप्टिन' ले पेट भरिएको आभास गराउन मद्दत गर्छ। निद्रा, तनाव र दैनिक दिनचर्यालें यी हर्मोनलाई प्रभावित पार्न सक्छन्। यस्तो अवस्थामा हिउँदमा घाम कम लाग्दा मानिसको मनस्थिति र खाने इच्छामा पनि फेरबदल आउँछ ।

३. 'कम्फर्ट फुड' को चाहनाः

चिसोमा पराठा, पकौडा, हलुवा र गुलिया परिकार खान बढी मन लाग्छ । गुलिया र धेरै चिल्लो भएका खाद्यपदार्थले तुरुन्तै ऊर्जा र स्वादको आनन्द दिन्छन् । तर यस्ता खानेकुरा खान मन लाग्दैमा शरीरलाई अतिरिक्त चिनी वा बोसोको खाँचो परेको हो भन्ने बुझ्न मिल्दैन ।

४. शारीरिक गतिविधिमा कमी र स्क्रिन टाइमः

जाडो मौसम र छोटो दिनका कारण मानिसहरु हिँडडुल गर्न र व्यायाम गर्न कम गर्छन् । घरभित्रै बसेर टिभी हेर्दा वा मोबाइल चलाउँदा छिनछिनमै केही न केही खाइरहने बानी पनि बढ्न सक्छ । यसले गर्दा शरीरलाई चाहिनेभन्दा बढी क्यालोरी ग्रहण हुने सम्भावना रहन्छ ।

५. निद्राको कमी र तनावः

निद्रा पूरा नहुनु, अबेर रातिसम्म मोबाइल चलाउनु र तनाव बढ्नुले भोकलाई प्रत्यक्ष असर पुऱ्याउँछ। कतिपय व्यक्ति जाडोमा उदासी वा सुस्तता महसुस गर्छन् र त्यसबाट राहत पाउनका लागि बढी खान थाल्छन् ।

जाडोमा भोक कसरी नियन्त्रण गर्ने?

आं नो दैनिक खानामा दाल, अण्डा, दही, काजु, बदाम, हरियो सागसब्जी, गेडागुडी तथा मौसमी फलफूल समावेश गर्नुहोस्। तातो सुप, खिचडी र दाल जस्ता पौष्टिक परिकारले लामो समयसम्म पेट भरिएको महसुस गराउन मद्दत गर्छन् । पर्याप्त मात्रामा पानी पिउनुहोस्, नियमित व्यायाम गर्नुहोस् र पूरा निद्रा सुत्नुहोस् । यदि पर्याप्त खाना खाँदा पनि अचाक्ली भोक लागिरहन्छ र साथमा अत्यधिक तिर्खा लाग्ने, पटक-पटक पिसाब आउने, अचानक तौल घटबढ हुने वा निरन्तर थकान महसुस हुने जस्ता लक्षण देखिन्छन् भने चिकित्सकसँग परामर्श लिनुपर्छ ।

दैनिक राशिफल

आज मिति २०८३ साल कार्तिक १५ गते आइतबार
1 Nov. 2026
तिथि: सप्तमी



ज्यो. लक्ष्मी प्र. दकाल
ठेगाना : वयानपस नोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००१९६५

मेष च चे लो ला लि लैं ले लो अ घराचसी विवाद । ४ बजेबाट सामान्य लाभ ।	**ऋषभ** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) धर्ममा रुचि । रोकिएका काम बन्ने ।	**मिथुन** (रा, रि, रु, रे, रे, रो, ता, ति, तु, ते) पिताजीबाट सहयोग । परोकपकारबाट केही लाभ ।	**कर्कट** भो जा जी खि खु खे खो गा गी आफन्तसँग विवाद । अपराह्नबाट लाभ हुने ।
सिंह इ उ ए ओ वा वि वु वे वो भाईबैनीसँग विवाद । पुरुषार्थबाट सामान्य लाभ ।	**कन्या** मा मि मु मे मो टा टि टु टे खर्च बढ्ने । कार्यमा निकै खट्दा सामान्य लाभ	**तुला** तो ना नि नैं ने नो या यि यु धर्ममा रुचि । मान्यजनबाट सहयोग ।	**वृश्चिक** गै गे गो सा सी सैं से सो द शत्रु परास्त । मामाबाट सहयोग ।
धनु का कि कु घ ङ छ के को हा कृषि कार्यबाट लाभ । ४ बजेपछि मित्रसँग भेटघाट ।	**मकर** टो प पी पै ष ण ठ पे पो परिश्रम निकै गर्नुपर्ला । ४ बजेपछि सामान्य लाभ ।	**कुम्भ** य यो भा भी भ धा फा ढ भे मनमा अशान्ति । खर्चमा बृद्धि ।	**मीन** दि दु थ झ ञ दे दो चा ची पढाईमा केही समस्या । सन्तानसँग विवाद ।

दशैभरका १२ भन्दा बढी सडक भत्किए



दमक/ बाढी पहिरोका कारण पृथ्वीराजमार्गसहित मुलुकका १२ वटाभन्दा बढी सडक खण्ड अवरुद्ध भएका छन्। धादिङको गजुरी गाउँपालिका-२ परेवाभिरस्थित पृथ्वीराजमार्गमा अविरल वर्षाका कारण माथिबाट पहिरो आएर दुईतर्फी पूर्ण रूपमा सडक अवरुद्ध भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्रहरी प्रधान कार्यालयका अनुसार बिपी राजमार्गको काभ्रे खण्डमा पनि सडक अवरुद्ध भएको छ। काभ्रेको रोशी गाउँपालिका-९ पिनथली र वडा नम्बर ८ स्थित गिम्दीवेंसीस्थित बिपी राजमार्गमा खहरेखोलाबाट डुङ्गामाटोसहित लेदो आएर सडक पूर्ण रूपमा अवरुद्ध भएको छ।

सनिवारदेखि सुर्खेतको बराहताल गाउँपालिका-७ औलिसेस्थित कर्णाली राजमार्गमा सडक माथिबाट सुख्खा पहिरो आएर बाटो पूर्ण रूपमा अवरोध भएको छ। त्यसैगरी, मध्यपहाडी राजमार्गको खोटाड खण्डमा पनि अवरुद्ध भएको छ भने ललितपुर बागमती खोला करिडोर र कान्तिलोकपथका विभिन्न खण्ड पनि अवरुद्ध भएको छ।

सो कान्तिलोकपथका ललितपुर महानगरपालिका(२ वल्खु, सुन्दरीघाटस्थित रहेको करिडोरको बाटोमा अविरल वर्षाका कारणले पानीको बहाव बढेपछि आवागमन पूर्ण रूपमा अवरुद्ध भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। साथै कालीगण्डकी कोरिडोरअन्तर्गत

गुल्मीको कालीगण्डकी गाउँपालिका(२ रार्क्सस्थित कालीगण्डकी करिडोर सडकखण्डमा बाटो माथिबाट लेदोसहितको पहिरो आएर सडक अवरुद्ध भएको छ।

त्यसैगरी, कालीगण्डकी कोरिडोर अन्तर्गतको पाल्पाखण्डमा रामपुर नगरपालिका(१ कासिवन स्थित कालीगण्डकी करिडोर पक्की सडकखण्डमा माथिबाट डुङ्गासहितको पहिरो आएर बाटो पूर्ण रूपमा अवरुद्ध भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। साथै मुगुको छायिनाथ रारा नगरपालिका(७ ताल्चास्थित नाम्म गमगढी सडकखण्ड पनि अवरुद्ध भएको छ।

अन्तर्राष्ट्रिय

भारतले गऱ्यो नयाँ उपग्रह प्रक्षेपण

भारत/ भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) का अनुसार 'एनभीएस(०३' नामक उपग्रहलाई जीएसएलभी(एफ१८ रकेटमार्फत शुक्रबार राति प्रक्षेपण गरिएको हो। आन्ध्र प्रदेशको श्रीहरिकोटास्थित सतीश धवन अन्तरिक्ष केन्द्रबाट स्थानीय समयअनुसार राति ११:५१ बजे उपग्रह प्रक्षेपण गरिएको थियो। इसरोले सामाजिक सञ्जाल एक्समार्फत जीएसएलभी(एफ १८ ले एनभीएस(०३ लाई सफलतापूर्वक निर्धारित कक्षमा स्थापित गरेको जानकारी दिएको छ।

भारतका विज्ञान तथा प्रविधिमन्त्री जितेन्द्र सिंहले सफल प्रक्षेपणका लागि इसरोका वैज्ञानिकहरूलाई बधाई दिनुभएको छ। उहाँले यस सफलताले अन्तरिक्ष प्रविधिमा भारतको बढ्दो क्षमता र स्वदेशी नेभिगेसन प्रणालीलाई सुदृढ बनाउने प्रतिबद्धता झल्काएको बताउनुभएको छ। इसरोका अनुसार जीएसएलभी(एफ१८ भारतको भूस्थिर उपग्रह प्रक्षेपण यान (जीएसएलभी) को २०औँ उडान हो।

नयाँ पुस्ताको नेभिगेसन उपग्रह शृङ्खलाअन्तर्गतको तेस्रो उपग्रह एनभीएस(०३ ले भारतीय क्षेत्रीय नेभिगेसन उपग्रह प्रणाली (आईआरएनएसएस) मार्फत प्रदान गरिने नेभिगेसन सेवाको निरन्तरता सुनिश्चित गर्ने अपेक्षा गरिएको छ। यसले भारतको आफ्नै नेभिगेसन प्रणालीको क्षमता विस्तारमा सहयोग पुग्ने विश्वास गरिएको छ।

युनाईटेड साकोसको अध्यक्षमा तिवारी

दमक। झापाको कमल गाउँपालिका ५ मगलवारेमा अवस्थित युनाईटेड बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा विरेन्द्र तिवारी निर्वाचित भएका छन्। संस्थाको शनिवार सम्पन्न २३औं वार्षिक चुनावी साधारणसभाले तिवारीको अध्यक्षतामा नयाँ सञ्चालक समिति चयन भएको हो।

निर्वाचित सञ्चालक समितिको उपाध्यक्षमा दिलकुमारी गुरुङ, सचिवमा विष्णु कुमार अधिकारी र कोषाध्यक्षमा दिलकुमारी राई निर्विरोध चयन भएका हुन्। यसैगरि, सञ्चालक समितिको सदस्यहरुमा राजु राई, कमल विश्वकर्मा र मोहनकुमार खरेल निर्वाचित भएका छन्।

यसैगरि, लेखा सुपरीवेक्षण समितिको संयोजकमा पुनः भानुभक्त निरौला र सदस्यद्वयमा तुलसी प्रसाद तिवारी,देवीमाया राजवंशी चुनिएका छन्। संस्थाले सञ्चालक तथा लेखा समितिको निर्वाचन गर्न तिर्थ ताजपुरियाको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो।

संस्थाद्वारा दर्जन वढी सदस्यलाई सम्मान

सहकारी संस्थाको उद्घाटनमा दुई जना ज्येष्ठ शेयर सदस्यसहित दर्जन वढी शेयर सदस्यहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरियो। स्थानीय नेपाल रेडक्रस सोसाईटी कमल शाखाको सभाहलमा आयोजित सभामा ज्येष्ठ शेयर सदस्यतर्फ विरशंकर राई र डम्बर कुमार राईलाई नगद, सम्मान पत्र र दोसल्ला ओढाएर सम्मान प्रदान गरिएको थियो। ७३२ जना शेयर सदस्य रहेको संस्थाले गतवर्षमा ८४ लाख ६१ हजार ९ सय शेयर पूंजी, ५ करोड २० लाख १८ हजार ८ सय ८२ निक्षेप,४ करोड ४१ लाख ३३ हजार ३ सय ८१ रुपैया ऋण लगानी गरिएको उल्लेख छ।

दुर्घटनामा चालकको मृत्यु

कमल/ झापाको कमल गाउँपालिका सावित्रा चौकमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ। शुक्रवार साँझ कमल गाउँपालिका ५ सावित्रा चोकस्थित पूर्व पश्चिम राजमार्गमा दमकबाट केर्खोतर्फ आउँदै गरेको प्र.न. १-०१- ००१४ प ६४८९ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट जाँदै गरेको ना ६ ख ५२०२ नम्बरको ट्रक एकापसमा ठक्कर दिएको थियो। दुर्घटनामा मोटरसाइकल चालक शिवसताञ्जी नगरपालिका(८ का २९ वर्षीय सागर तिमल्सिना घाइते हुनुभएको थियो। घाइतेलाई उपचारको लागि बिर्तामोडतर्फ ल्याउने क्रममा तत्काल गम्भीर भई कन्काई नगर अस्पताल सुरुङ्गामा ल्याइपुऱ्याई उपचार भइरहँदा चिकित्सकले ७:३० बजेतिर मृत घोषणा गरेका थिए।

खेलकुद

एनपीएलमा नेपाली खेलाडीको दबदबा



इटहरी । विश्व क्रिकेटका चर्चित खेलाडीहरूको सहभागिता रहेको नेपाल प्रिमियर लिग -एनपीएल) को तेस्रो संस्करणमा नेपाली खेलाडीले आफ्नो क्षमता प्रमाणित गरेका छन्। प्रतियोगिताका सुरुवाती ६ खेलमा सबै प्लेअर अफ दि म्याच नेपाली खेलाडी बनेका छन्। यसअघिका संस्करणमा सुरुवाती खेलदेखि नै विदेशी खेलाडीको प्रदर्शन चर्चामा रहने गरेकोमा यसपटक नेपाली खेलाडीले उत्कृष्ट प्रदर्शन गर्दै विदेशी स्टारलाई छायामा पारेका छन्।

सुरुवाती खेलमा विशेषगरी नेपाली बलरको प्रदर्शन प्रभावशाली देखिएको छ। लुम्बिनी लायन्सका शेर मल्ल, चितवन राइनोजका कमलसिंह ऐरी, कर्णाली याक्सका युनिश विक्रम ठकुरी र जनकपुर बोल्ट्सका राहुल यादवले बलिङमा उत्कृष्ट प्रदर्शन गर्दै प्लेअर अफ दि म्याचको अवार्ड जितेका छन्। त्यसैगरी सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरी र कर्णाली याक्सका कप्तान सोमपाल कामीले ब्याटिङ तथा अलराउन्ड प्रदर्शनबाट आफूलाई प्रमाणित गरेका छन्।

यसअघि एनपीएलको दोस्रो संस्करणमा सुरुवाती आठ खेलमा एक जना नेपाली खेलाडीले मात्रै प्लेअर अफ दि म्याचको अवार्ड जितेका थिए। तर तेस्रो संस्करणमा सुरुवाती छवटै खेलमा नेपाली खेलाडीले उक्त अवार्ड जित्नुले घरेलु क्रिकेटमा खेलाडीहरूको प्रदर्शन र प्रतिस्पर्धात्मक क्षमतामा देखिएको परिवर्तनलाई संकेत गरेको छ।

प्रतियोगिताको उद्घाटन खेलमा लुम्बिनीका स्पिनर शेर मल्लले सुदूरपश्चिमविरुद्ध चार ओभरमा ११ रन खर्चे तीन विकेट लिँदै टिमलाई सात विकेटको जित दिलाउन महत्त्वपूर्ण भूमिका खेले। उनले चर्चित विदेशी खेलाडी शेरफेन रदरफोर्ड र स्कट कुग्लेइनसहित विनोद भण्डारीको विकेट लिए। त्यसपछि विराटनगर किंग्सविरुद्ध चितवनका कमलसिंह ऐरीले चार ओभरमा २६ रन दिएर चार विकेट लिँदै टिमलाई आठ रनको जित दिलाए। उनले आन्द्रे रसेल र एन्जेलो म्याथ्युजजस्ता अनुभवी अन्तर्राष्ट्रिय खेलाडीलाई आउट गरेका थिए।

सोही दिन भएको अर्को खेलमा कर्णालीका युवा स्पिनर युनिश विक्रम ठकुरीले जनकपुरविरुद्ध चार ओभरमा २२ रन खर्चे तीन विकेट लिए। उनको उत्कृष्ट बलिङमा कर्णालीले पहिलो संस्करणको विजेता जनकपुरलाई १९ रनले पराजित गऱ्यो।

कार्तिक २५ गते कोशीमा "भाषा दिवस" मनाइने

दमक/ कोशी प्रदेश सरकारले आगामी कार्तिक २५ गतेलाई 'कोशी प्रदेश भाषा दिवस'का रूपमा घोषणा गरेको छ। प्रदेश सरकारले सोही दिनदेखि सरकारी कामकाजको भाषा ऐन कार्यान्वयनमा ल्याउने निर्णय पनि गरेको छ।

विराटनगरस्थित मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा सनिवार बसेको मन्त्रिपरिषदको बैठकले १६ औं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दको १४१ औं जन्मजयन्तीको अवसर पारेर कार्तिक २५ गतेदेखि 'कोशी प्रदेश सरकारी कामकाजको भाषा ऐन' लागू गरिने निर्णय गरेको हो। आन्तरिक मामिला तथा कानूनमन्त्री गोप्पु शेर्पाले सोही ऐतिहासिक दिनको (पहिलो संशोधन) नियमावली स्वीकृत गरेको छ भने पर्यटकीय पूर्वाधार सञ्चालन, व्यवस्थापन तथा हस्तान्तरण सम्बन्धी कार्यविधिलाई मन्त्रिपरिषदको आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पुनः मन्त्रिपरिषद बैठकमा पेस गर्ने निर्णय गरिएको छ।

उक्त दिन हर्पोल्लासका साथ दीपावली मनाउन आह्वान गरेको छ।

मन्त्रिपरिषद् बैठकले प्रदेश सरकार कार्य विभाजन (पहिलो संशोधन) नियमावली स्वीकृत गरेको छ भने पर्यटकीय पूर्वाधार सञ्चालन, व्यवस्थापन तथा हस्तान्तरण सम्बन्धी कार्यविधिलाई मन्त्रिपरिषदको आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पुनः मन्त्रिपरिषद बैठकमा पेस गर्ने निर्णय गरिएको छ।

मौसममा क्रमिक सुधार

दमक/ नेपाल मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले मौसम क्रमिक सुधार हुँदै गएको जनाएको छ। देशका विभिन्न भूभागमा देखिएको मौसमको यो प्रणाली आइतबारबाट क्रमिक रूपमा सुधार हुँदै गएको महाशाखाले जनाएको छ। मौसम पूर्वानुमान महाशाखाले देशभर मौसम क्रमिक रूपमा सुधार हुँदै गएको जनाएको छ।

पानायोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अगाडीदेखि तपाईहरुको रोजाना
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्भो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन सहि मोटर, पंखा, फ्रिज, AC वाशिङ मेशिन, काँटा सुलझ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर तथा ब्याट्रीका ग्राहकहरु आफै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्ट-सहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हरिपटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम रामिलको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/ ९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४९०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
घजाटमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा
उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बरनेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स
एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ दुर प्याकेज तथा मनि ट्रान्सफर IME को सुविधा
Pre-Purchased fare "Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

◆ प्रकाशक : कल्याणी दाहाल ◆ सम्पादक : गज्ज बहादुर दाहाल ◆ लेआउट : सुरेन बरनेत ◆ मुद्रण अमरज्योति अफसेट प्रेस, दमक-११, ◆ कार्यालय : दमक-५, एलम्बर चौक, ◆ सम्पर्क ०२३-५८०२७२ ◆ इमेल : janajoytiweekly01@gmail.com

पत्रकार.....विसंगति र विवाद समाधानका लागि पनि संसदबाट आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरेको छ। न्याय क्षेत्रको समग्र पुनर्संरचनाका लागि संसदीय दललाई आवश्यक निर्देशन दिइसकिएको प्रवक्ता खरेलले जानकारी दिए।

उनका अनुसार शक्ति पृथकीकरणको सिद्धान्तअनुसार न्यायालय र सरकारबाट मात्रै नभई सबैधानिक प्रक्रियामार्फत संसदबाटै न्याय क्षेत्र सुधारको विषय अघि बढाउनुपर्ने पार्टीको निष्कर्ष छ। महाअभियोगसम्बन्धी जिज्ञासामा उनले संसदीय दलमार्फत विषय संसद्मा प्रवेश गरेपछि मात्रै त्यसको टुंगो लाग्ने बताए।

यसैबीच, पत्रकारमाथिको धरपकड र सञ्चारगृहमाथिको हस्तक्षेपविरुद्ध नेपाल पत्रकार महासंघले शनिवार बिहानैदेखि काठमाडौंको माइतीघर मण्डलामा सांकेतिक विरोध प्रदर्शन गरेको छ। महासंघको आह्वानमा भएको प्रदर्शनमा पदाधिकारी, वरिष्ठ पत्रकार तथा नागरिक अगुवाहरू सहभागी भएका थिए।

प्रदर्शनकारीहरूले 'प्रेस स्वतन्त्रताको रक्षा गर', 'न्युजरूममाथिको हस्तक्षेप बन्द गर' र 'पत्रकार पेरेका पत्रकारलाई तत्काल रिहा गर' लगायतका नारासहित प्लेकार्ड प्रदर्शन गरेका थिए।

शुक्रवार विभिन्न सञ्चारमाध्यमका कार्यालयमा सादा पोसाकका प्रहरी प्रवेश गरी पत्रकारलाई नियन्त्रणमा लिने तथा समाचार कक्षमा धरपकड गर्ने प्रयास भएपछि पत्रकारिता क्षेत्र र नागरिक समाजबाट विरोध भएको हो। नेपाल प्रेसका विश्वमणि सुवेदी, डीएनखबरका धीरज बस्नेत र मोटिभेट न्युजका शोभराज बरालालाई प्रहरीले नियन्त्रणमा लिएको समाचार सार्वजनिक भएको थियो। नयाँ पत्रिकाको कार्यालयमा समेत प्रहरी पुगेको थियो। पत्रकार परेका पत्रकारहरू पछि रिहा भएका थिए।

घटनाबारे नेपाल पत्रकार महासंघले प्रेस स्वतन्त्रता र पत्रकारको पेसागत सुरक्षामाथि हस्तक्षेप भएको भन्दै आपत्ति जनाएको छ। महासंघले पक्राउ परेका सञ्चारकर्मीलाई बिनासर्त रिहा गर्न, सञ्चारगृहमाथिको हस्तक्षेप रोक्न र यस्ता गतिविधिमा संलग्नमाथि कारवाही गर्न माग गरेको छ। माग सम्बोधन नभए देशव्यापी आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत दिएको छ।

त्यस्तै, प्रेस काउन्सिल नेपालले पनि स्पष्ट कारण, पक्राउ पुर्जी वा अदालतको अनुमति नदेखाई पत्रकारलाई नियन्त्रणमा लिने प्रयासप्रति आपत्ति जनाएको छ। यस घटनाले सरकारको प्रेस स्वतन्त्रताप्रतिको प्रतिबद्धता, प्रहरीको कार्यशैली र सञ्चारमाध्यमको संस्थागत स्वतन्त्रताबारे बहस सिर्जना गरेको छ। रास्वपाले नै सरकारलाई छानबिन र कारवाहीका लागि निर्देशन दिएपछि अब सरकारले घटनाको वास्तविकता सार्वजनिक गर्दै जिम्मेवार पक्षमाथि कस्तो कदम चाल्छ भन्ने चासो बढेको छ।

कोशी कांग्रेस....नीति तथा कार्यक्रम बडा र टोलसम्म पुऱ्याउने आफ्नो लक्ष्य रहेको बताए।

यता, प्रदेश महामन्त्री उमेश थापाले साढे चार वर्षको सांगठनिक अनुभवलाई आफ्नो उम्मेदवारीको आधार बनाएका छन्। प्रदेशमा पार्टीको भौतिक संरचना निर्माण, संगठन विस्तार र राजनीतिक उपलब्धिलाई थप अघि बढाउँदै कांग्रेसलाई पहिलो शक्ति बनाउने आफ्नो उद्देश्य रहेको उनको भनाइ छ। उनले बदलिँदो राजनीतिक परिस्थितिअनुसार नवीन सोच र युवा सहभागिता आवश्यक रहेको बताए।

त्यस्तै, सहमहामन्त्री खड्ग फागोले प्रदेश सभापतिमा उम्मेदवारी दिने घोषणा यसअघि नै गरिसकेको बताएका छन्। स्थानीय तहदेखि प्रदेश संगठनसम्मको अनुभवका आधारमा नेतृत्वमा पुग्न चाहेको उनको भनाइ छ। उनले अन्य नेताहरूको आकांक्षालाई पनि स्वाभाविक रूपमा लिएको बताएका छन्।

राष्ट्रियसभाका पूर्व संसदीय दलका नेता रमेशजंग रायमाझीले पनि सभापतिका लागि आन्तरिक तयारी र परामर्श अघि बढाएका छन्। उनको दाबीले प्रदेश नेतृत्वको प्रतिस्पर्धालाई थप रोचक बनाएको छ।

कोशी प्रदेशमा २८ निर्वाचन क्षेत्रबाट करिब २७ सय प्रतिनिधि अधिवेशनमा सहभागी हुने अनुमान गरिएको छ। केन्द्रीय सदस्यहरू पनि निर्वाचन प्रक्रियामा सहभागी हुनेछन्।

वर्षाले...*गरेको मेहनत र लगानी बाली भित्राउने समयमा मौसम प्रतिकूल हुँदा प्रभावित हुने देखिएको छ। धान पाकेर काट्ने तयारीमा रहेका किसान अहिले मौसम खुल्ने प्रतीक्षामा छन्। समयमै घाम लागेर खेतमा रहेको धान काट्न, सुकाउन र सुरक्षित रूपमा भित्राउन नपाए उत्पादनमा क्षति पुग्ने उनीहरूको चिन्ता छ।*